# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## प्रेस विज्ञप्ती

प्रस्तुत विषयमा सुनिलस्मृति गाउँपालिकाको आयोजनामा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० तथा यस गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०७९ बमोजिम आ.व. २०७९/८० को दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. ३ स्थित श्री चन्द्रप्रभा माध्यामिक विद्यालय, मिझिङको प्राङ्गणमा मिति २०७९/१२/२६ गते कार्यक्रम संयोजक (मोडरेटर) गणेश के.सी.को सहजिकरणमा सफलतापूर्वक अपेक्षिकृत रुपमा सु-सम्पन्न भएको छ ।

यस गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा लगायतका समग्र शासकीय गतिविधलाई जनस्तरबाट आमनागरिकबाट मूल्याङ्कन गराई प्रास सुझाव, सल्लाह र पृष्ठपोषणलाई सम्मानपूर्वक आत्मसाथ गर्दै आगामि दिनहरुमा यस गाउँपालिकाको समग्र गतिविधिलाई थप नियमित, पारदर्शि र जनउत्तरदायि बनाउने हाम्रो सत्प्रयास निरन्तरनै रहने छ ।

गाउँपालिकाको आह्वानलाई स्वीकार गरेर अशल नागरिकले पूरा गर्नुपर्ने कतर्व्य र सामाजिक जिम्मेवारीको पालना गर्दै घरायसी व्यस्तताका वावजुत कार्यक्रममा उपस्थित भई कार्यक्रमको गरीमा उच्चो पार्न सहयोग पुऱ्याउनुहुने आम नागरिक, राजनीतिक दल, संघसंस्था, पत्रकार, कर्मचारी, सुरक्षाकर्मी, शिक्षक, विद्यार्थी, आमा समूह, महिला समूह लगाएतका सम्पूर्ण सज्जनवृन्दहरुलाई यस गाउँपालिका हार्दिक आभार प्रकट गर्न चाहान्छ । यहँहरुको यो सुकर्मप्रति गाउँपालिका सदैव कृतज्ञ रहनेछ ।

अन्त्यमा कार्यक्रमलाई छायाँकन गरी प्रत्यक्ष प्रशारण गरी हाम्रो प्रयासलाई जनताको घरघरमा पुऱ्याउन लागीपर्नु भएको रेडियो रोल्पा, रेडियो मालश्री र रेडियो सभ्यताको सम्पूर्ण टिमलाई समेत हार्दिक धन्यवाद दिन चाहान्छौं । कार्यक्रममा प्रत्यक्ष उपस्थित हुन नसकेतापनि सामाजिक सञ्जालको माध्यमबाट जोडिनु भएका सम्पूर्ण सरोकारवालाहरु समेत धन्यवादको पात्र हुनुहुन्छ ।

धन्यवाद !

२७ चैत्र २०७९

(मणिराम बुढाथोकी)
अध्यक्ष

मणिराम बुढाथोकी
अध्यक्ष